सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी
राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

**बितरक चाहियो**
त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स, करमगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो । सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▶▶ अंक ३३४ ▶▶ असार ९ बुधबार ,२०७८, June – 23 Wednesday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

# उदयपुरमा कोविड: जो अगुवा उही बाटो ....

## निको हुने बढे पनि संक्रमण घटेन

❖ मुलुकी संबाददाता

*त्रियुगा, असार ८*

कोविड प्रभाव घट्दै गएपछि प्रशासनले निशेधाज्ञा खुकुलो गर्दै लगे पनि उदयपुरमा संक्रमण घट्ने र बढ्ने क्रम जारी छ । पछिल्लो एकसातायता संक्रमित निको हुने क्रम बढेको देखिनुका साथै नयाँ संक्रमण कम हुन थालेपछि सोमबारदेखि निशेधाज्ञा खुकुलो पारिएको छ ।



संक्रमित निको हुने रफ्तार बढ्दै जाँदा नयाँ संक्रमित कम देखिन थालेपछि प्रशासनले वैशाख २५ देखि सुरु निशेधाज्ञा छैठौं सातादेखि खुकुलो पार्ने निर्णय गरेको थियो । तर, आईतबार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला विपत व्यवस्थापन समितिको बैठकले निशेधाज्ञा खुकुल्याउने विषयमा निर्णय गरेकै दिन जिल्लामा ९५ जना नयाँ संक्रमित थपिए ।

मंगलबार पनि १३ जनामा संक्रमण पुष्टि भएको छ । ७ महिलासहित १३ जना संक्रमितमा बेलकाका ८, त्रियुगाका ४ र चौदण्डीगढीका १ रहेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । सदरमुकाम त्रियगामा दिनदिनै नयाँ संक्रमित देखिने क्रम घट्दो छ भने बेलका, चौदण्डीगढी तथा पहाडी भेगका गाउँपालिकाहरुमा बढ्दो छ । यसले बजार क्षेत्रमाभन्दा गाउँघरमा संक्रमण बढिरहेको पुष्टि हुन्छ ।

*बाँकी ४ पेजमा*

## *जनप्रतिनिधिबाटै निशेधाज्ञा उल्लंघन*

❖ मुलुकी संबाददाता

त्रियुगा, असार ८

*डा. नारायण खड्का उदयपुरका लोकप्रिय नेतामा गनिन्छन् । नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका डा. खड्का निर्वाचन क्षेत्र नं. १ मा लगातार ३ पटक सांसद जितेर 'ह्याट्रिक' गरिसकेका विद्वान नेता हुन् ।*

*कांग्रेस कार्यकर्ताहरुले देवत्वकरण गर्दै उनलाई 'विकासबादी' नेताको उपमासमेत दिने गरेका छन् । उनै डा. साव पछिल्लो सातादिनयता आफ्नो निर्वाचन क्षेत्रका बिभिन्न ठाउँहरुमा रिवन काट्ने र स्वागत खाने ध्याउन्नमा देखिन्छन् । कोविड महामारीले जनता निशेधाज्ञाको भुंग्रोभित्र गालिदै गर्दा सांसद खड्का कार्यकर्ता योजना अनुगमन, उद्घाटन र कार्यकर्ता भेटघाटजस्ता भिडभाडयुक्त कार्यक्रममा निर्धक्क खटिरहेको*



*देखिएपछि सर्वसाधारणले आलोचना गर्न थाले । सर्वसाधारणलाई जनतालाई निशेधाज्ञामा घरबाहिर निस्कन मनाही गरेको प्रशासन, स्थानीय सरकार र अगुवा सरोकारवाला निकायहरु पनि डा. खड्काको गतिविधि नियाल्न मात्र*

**बाँकी ४ पेजमा**

**सगरमाथा डिपाटमेन्ट**
**स्टोर, गाईघाट, उदयपुर**




सब घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामानहरु गाईघाटमा एकै ठाउमा पाइने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर
प्रोपाइटर - किरण चामलिङ राई

**हार्दिक श्रद्धाञ्जली !**



जन्म: ०४७ असोज १ गते
स्वर्गारोहण ०७८ वैशाख २६ गते

**प्रकाश विश्वकर्मा**
अधिकृतस्तर सातौं
(प्रमुख, कृषि ज्ञान केन्द्र उदयपुर)

कृषि ज्ञान केन्द्र उदयपुरका प्रमुख तथा कर्मचारी मिलन केन्द्र उदयपुरका सदस्य श्री प्रकाश विश्वकर्माको मिति ०७८ वैशाख २६ गतेका दिन ३१ वर्षको अल्पायुमै भएको दु:खद र अकल्पनीय निधनले हामी स्तब्ध र मर्माहत भएका छौं । शोकको यस घडीमा समस्त परिवारजन तथा आफन्तहरुमा धैर्यधारण गर्ने शक्ति मिलोस् तथा मृतात्माको बैकुण्ठ बास होस् भन्ने प्रार्थना गर्दै ४५ औं दिनको पुन्य तिथिको अवसरमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं !

**कर्मचारी मिलन केन्द्र, परिवार उदयपुर**

# जनप्रतिनिधिबाटै निशेधाज्ञा उल्लंघन

❖ मुलुकी संवाददाता

*उदयपुर, असार ८*

प्रशानले नियाल्यो मात्र बोल्न सकेन । तर, सर्वसाधारण त जनता जनार्दन न हुन्, सांसद जनप्रतिनिधि र पार्टी केन्द्रीय सदस्यजस्तो जिम्मेबार व्यक्ति नै कोविड क्हरका बेला भिडभाडका कार्यक्रम गरेर हिड्नु उचित नभएको भन्दै खुलेरै आलोचनामा उत्रिए ।

सर्वसाधारणको टाउकोमा प्रशासन र स्थानीय सरकारले निशेधाज्ञाको डण्डा बर्षाउन तर, जनप्रतिनिधि, नेता र अगुवा पहुँचवालाले नियम पालना गर्नु नपरेको देख्दा गुनासो आउनु पनि स्वभाविक हो । डा. खड्काले सातादिनअघि चौदण्डीगढी नगरक्षेत्रमा निर्मित २वटा फलामे पुल र सदरमुकाम त्रियुगा नगपालिका १२ बिसनपुरमा निर्मित हरित पार्कको उद्घाटन गरेका थिए । पार्टीका स्थानीय कार्यकर्ता र जनप्रतिनिधिसहित हुल बाँधेर कार्यक्रमस्थल पुग्ने गरेका डा. खडकाले मास्क र दुरी कायमसमेत नगरेको गुनासो सर्वसाधारणले गरेका छन् ।

डा. खड्काको साथमा फलामे पुल उद्घाटन कार्यक्रममा चौदण्डीगढी नगरप्रमुख खगेन्द्र राई र हरित पार्क उद्घाटनमा त्रियुगा नगरप्रमुख बलदेव चौधरी पनि साथै थिए । सांसद र मेयरजत्तिका संघीय सरकारको प्रतिनिधि र स्थानीय सरकार प्रमुख नै कोविडको बेवास्ता गर्दै यस्ता सार्वजनिक कार्यक्रमको गतिबिधिमा संलग्न हुनुले निशेधाज्ञाको के अर्थ भन्ने प्रश्न टडकारो उठेको छ ।

यसअघि जेठ ५ गते कटारी नगरपालिकाले निशेधाज्ञा लागू गरेकै भोलिपल्ट सुकुम्बासी बस्तीमा डोजर चलाएको घट्ना सेलाउन नपाउँदै सांसद खड्काको उद्घाटन मोहले जनप्रतिनिधिबाटै नियम उल्लंघन हुँदोरहेछ भन्ने गतिलो उदाहरण दिएको छ । कोविड संक्रमण घटाउन जनसमुदायमा अगुवा सन्देशबाहक भएर प्रस्तुत गहनुपर्ने अगुवाहरु स्वयं सुरक्षा सतर्कताको धज्जी काढेर अघि बढेपछि कोविड नियन्त्रण गर्न हम्मे भएको स्थानीय बताउँछन् ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार मंगलबारसम्ममा कोविडका कारण जिल्लामा ५६ जनाको दुखद निधन भईसकेको छ । १ हजार ९ सय ३९ जनामा संक्रमण पुष्टि भईसकेको छ। अहिले पनि ४ सय ७० जना संक्रमित उपचारको क्रममा छन् । स्वस्थ्य परीक्षणको दायरा बढाउने हो भने हालको भन्द दोब्बर बढी संक्रमित फेला पर्ने अनुमान स्वयं स्वास्थ्य कार्यालयको छ ।

कांग्रेस महाधिवेशन नजिकिएको र ओली सरकारले घोषणा गरेको मध्यावधि चुनावलई लक्षित गरी खड्का निशेधाज्ञा उल्लंघन गर्दै कार्यक्रमको बहाना बनाएर कार्यकर्ता रिझाउन थालेको पार्टीकै कार्यकर्ताहरु बताउँछन् । प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईले सांसद र मेयरजस्ता जनप्रतिनिधि र अगुवा नेताहरुबाटै निशेधाज्ञा उल्लंघन भएको नसुहाउने बताए । यस्तो गतिबिधिको नगरबासीले बिरोध गरेको पनि सिडिओ सेंढाईको भनाई छ ।

बजारक्षेत्रमा कोविड नियन्त्रणतर्फ लागेको देखिए पनि गाउँघरमा अझै धेरै संक्रमित फेला पर्ने गरेका छन् । सुरक्षा सतर्कता अपनाउनेबारे चेतनाको अभाव, पहुँच र परीक्षणमा कमीका कारण यस्तो भएको निश्कर्ष निकालिएको छ ।








## एस एण्ड एस सप्लायर्स

त्रिनपा - १० बोक्से यलम्बरटोल । यहाँ सम्पूर्ण किसिमका किरना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ । साथै राँगा,बंगुर र ब्रोईलर कुखुराको मासु पनि उपलब्ध छ ।

प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२



## मदन भण्डारी राजमार्ग

### योजना कार्यालय गाईघाट

**सार्वजनिक महत्वको सूचना !**

सार्वजनिक सडकमा निर्वाधरुपमा आवागमन गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो । तसर्थ यसको सम्बर्द्धन, सम्भार एवं सुरक्षा गर्नु पनि हामी सबैको साझा कर्तव्य हो । सडक सीमा अतिक्रमण गरी घर टहरालगायतका अस्थायी एवं स्थायी संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै यातायात आवागमनमा बाधा पुग्ने, सडक सीमाभित्र निर्माण सामग्रीहरु थुपार्ने कार्य, फोहोर मैला डम्प गर्ने कार्य, सडकमा नै सवारी साधनहरु धुने आदि कार्य नगरिदिनुहुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाईपलाईनहरु सम्बन्धित निकायबाट यथाशिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिनु सहयोग गरिदिनु हुन सबै सरोकारवाला व्यक्ति तथा निकायलाई हार्दिक अनुरोध गर्दछौं ।

*आयोजना प्रमुख*



## कर तिरौं : असल नागरिकको परिचय दिऔं ।

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय नगरपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं ।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको विक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

**कटारी नगरपालिका**
कटारी, उदयपुर

# कोविडबाट बचाउँन पत्रकारलाई इन्सको अक्सिजन सिलिण्डर

❖ बेदकुमारी राई

*त्रियुगा, असार ८*

कोविडविरुद्ध अग्रपंगितमा खट्ने पत्रकारहरुलाई सहयोग गर्न स्वदेश तथा विदेशमा रहेका नेपाली हातहरु निरन्तर लागिरहेका छन्। यसै क्रममा नेपाली साहित्यकारहरुको विश्वव्यापी संस्था 'अन्तराष्ट्रिय नेपाली समाज (इन्स)'ले मंगलबार उदयपुरका पत्रकारहरुलाई १ थान अक्सिजन सिलिण्डर र अन्य स्वास्थ्य सामग्री प्रदान गरेको छ।




इन्सका उपाध्यक्ष झलक बुढाथोकी र महिला उपाध्यक्ष नजबुल खानसहितको टोली नेपाल पत्रकार महासंघ कार्यालयमै पुगेर महासंघलाई ४० लिटर क्षमताको अक्सिजनसहितको सिलिण्डर, मास्क र सेनिटाईजर अध्यक्ष भरत खड्का र उपाध्यक्ष गंगा राईलाई हस्तान्तरण गरे। सामग्री प्रदान गर्दै उपाध्यक्ष बुढाथोकीले कोविड कहरमा अग्रपंतिमा रहेर खट्दै आएका पत्रकारलाई संक्रमणबाट बँचाउने उदेश्यले अक्सिजन सिलिण्डर प्रदान गरिएको बताए।

कोविडका संभावित संक्रमितको उपचार गर्ने उदेश्यले महासंघ भवनमै ५ बेठको आईसोलेसन सेन्टर एकमहिनाअघि नै स्थापना गरिएको छ। प्राप्त अक्सिजन सिलिण्डर त्यहीँ प्रयोग गर्नका लागि इन्सले सहयोग गरेको जनाएको छ। इन्सका महिला उपाध्यक्ष तथा आभासा अभियन्ता नजबुल खानका अनुसार मलेसिया, अमेरिकामा रहेका माथबरसिंह राउत, कोरियामा रहेका सन्देश बुढाथोकी, पोर्चुगलमा दुर्गा राई तथा इन्सको नेपाल राष्ट्रिय समितिका सदस्यहरु रुपा राई र गणेश खत्रीको सहयोगबाट संकलित रकमबाट अक्सिजन सिलिण्डर लगायत सामग्री जुटाइएको हो।

स्वास्थ्य सामग्री बुझ्दै महासंघका अध्यक्ष खड्काले सहयोगी संस्था र शुभचिन्तकलाई धन्यबाद दिए। उनले कोविड कहरमा रिपोर्टिङ गर्न अत्यन्त गाह्रो भए पनि सहयोगी हातहरुको मायाले पत्रकारितामा थप उत्साह बढ्दै आएको बताए। उनले प्राप्त अक्सिजन महासंघले सञ्चालनमा ल्याएको आईसोलेसनमा प्रयोग गर्ने र अन्य स्वास्थ्य सामग्री पत्रकारहरुलाई बितरण गर्ने प्रतिबद्धता पनि जनाए।















प्रोपाईटर - **अगम चामलिङ राई, ९८०७७६४३४३**
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मुख्य चोक उत्तर लोकतान्त्रिक पिपलचोक जाने दाँया साइडमा। एनएमबी बैङ्क अगाडी। यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ।




## डिभिजन वन कार्यालय
## त्रिबेणी, उदयपुर

"एक बिरुवा रोपौं, वन जोगाऔं,
हरियाली बचाऔं,
जलवायु परिवर्तन हुनबाट रोकेर
सम्पूर्ण मानव सभ्यताको
रक्षा गरौं।"


डिभिजन वन अधिकृत

## बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्षित।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर।
सम्पर्क - ९८६८१९८५२४ ⁄ ९८०२२१५२९६ प्रोपाइटर - **भरत चामलिङ राई**




त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, प्रोपाइटरः-**थमान चामलिङ राई** सम्पर्क- ९८४२९७५८७७, ९८१९७३८६८३

त्रिनपा-११ गाईघाट, असारिरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसंगै जोडिएकोप्रोपाइटर



बिनोदकुमार पाण्डे
**पाण्डे श्री सप्लायर्स & ट्रेडर्स**
सम्पर्क- ९८५२८३०५८२
यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।

# ७ हप्तापछि बजार खुल्दा चहलपहल बढ्यो

❖ मुलुकी संबाददाता

*उदयपुर, असार ८*

लामो समयदेखि जारी निशेधाज्ञा खुकुलो भएसँगै उदयपुरकाका बजार पसल सुचारु हुनेतर्फ लागेका छन् । कोविड महामारीको संक्रमण देखिन थालेपछि उदयपुरमा गत वैशाख २५ देखि सुरु भएको निशेधाज्ञा बुधबारदेखि खुकुलो पारिएको हो ।

यसअघि विहान ६:०० देखि १२:०० बजेसम्म मात्र खाद्यान्न, औषधि र माछामासु पसल खोल्न दिइने बजारमा बुधबारदेखि साँझ ६:०० बजेसम्म सबै खाले पसल खोल्न दिइएको छ । अझै पौडी पोखरी, व्युटी पार्लर, पाटी प्यालेस र जिमखाना बन्देज कायमै छ ।

निशेधाज्ञा खुकुलिएको पहिलो दिन सदरमुकाम गाईघाट, बोक्से, बेलटार, कटारी, रामपुरमा निकै चहलपहल बढेको पाइयो । सार्वजनिक सवारीसाधन भने अझै खुल्न दिइएको छैन ।




विक्रेता - अर्जुन तिम्सिना

यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

## नारायणी ग्याँस

गाईघाट,डिलर, उदयपुर

बिक्रेता - अर्जुन तिम्सिना

सम्पर्क मो. - ९८१९३३२३३२

स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

बाराहापोखरी गाउँपालिकाको कार्यालयद्वारा

गाउँपालिकाबासी जनसमुदायलाई अनुरोध

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत लगायत व्यवसाय कर आदि समयमा नै बुझाऔं ।
२. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं ।
५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसाय गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं ।
६. बालबालिकालाई समयमा नै विद्यालय पठाऔं ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुता र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं ।
९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बाराहापोखरी गाउँपालिकाको कार्यालय

उदयपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर

कृषि शाखा

जनहितमा जारी सन्देश !

- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं,
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं.
- कृषिमा आत्मनिर्भर, पशु पालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं,
- बाँझो जमिन उपभोग गरि खाद्यान्न संग्रह बढाउनमा जोड दिऔं,
- मानव स्वास्थ्य र वातावरणलाई बचाउन अर्गानिक खेती प्रवर्द्धन गरौं,
- माटोमा जिवित वस्तुहरुको संख्या वृद्धि गरि माटोको उर्वराशक्ति बढाऔं,
- उपयोगी मित्र जिव किराको संरक्षण गरौं,
- रसायनिक विषादीका नकारात्मक असरहरु बारे सचेत रहौं,
- रैथाने बालीहरुको संरक्षण गरौं,
- बाली बिमा गरौं. भवितव्यबाट हुने क्षतिको न्यूनीकरण गरौं,
- सिमसार तथा सार्वजनिक कुवा, कुलो, पैनीको संरक्षण गरौं ।

Ad by Nagarikcakra

समयमै कर तिरौं : असल नागरिकको परिचय दिऔं

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय गाउँपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं ।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य वस्तुको विक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

ताप्ली गाउँपालिका

कटारी, उदयपुर

## आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि एक सय मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ मापद्धन्द अनुसार पुर्वाधार भएको घर ईच्छुक ब्याक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क - ९८४२८३७१७४/९८०३४८८९९३



माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)

प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,

कार्यालय - त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ०३५-४२०३९४/९८५२८३५८८८

Email: mulukinews@gmail.com/rodung@gmail.com

wesite: www.majhkharka.com

मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट